# शैल्यशिखर **नगरपालिकाको आर्थिक वर्ष** २०७५/०७६ **को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने बनेको विधेयक**

**प्रस्तावनाः** शैल्यशिखर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम शैल्यशिखर नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि शैल्यशिखर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११। **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२। **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३। **पर्यटनशुल्कः**नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४। **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची - १
(दफा २ संग सम्बन्धित)
नगरपालिकाले लगाउने सम्पत्ती कर

| सि.नं. | एकीकृत सम्पत्तिकरको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

अनुसूची - २
(दफा ४ संग सम्बन्धित)
नगरपालिकाले लगाउने घरवहाल कर

| सि.नं. | घर वहालको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | | सम्बन्धित घर धनी बाट बहाल रकमको बढीमा २ प्रतिशत सम्म | |

**अनुसूची - ३**
**(दफा ५ संग सम्बन्धित)**
**नगरपालिकाले लगाउने बार्षिक व्यावसाय कर**

| सि.नं. | व्यावसायको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| | व्यापारिक बस्तु | | |
| १ | चुरोट, बिडी धम्रपान जन्य व्यापारिक बस्तुमा | ३००० | |
| | पान पसल | १००० | |
| २ | मदिरा विर्को खोली फुटकर विक्री | ५००० | |
| ३ | मदिरा थोक विक्रेता | १०,००० | |
| ४ | मदिरा नविकरण सिफारिस | ७,००० | |
| ५ | गरगहना बनाउने/बिक्री गर्ने (ठुलो व्यापारी) | १०,००० | |
| ६ | गरगहना बनाउने | २००० | |
| ७ | श्रव्यदृश्य बिक्री (रेकर्डर तथा प्लेयर) | १५०० | |
| ८ | निर्माण सामाग्री (गिट्टी तथा बालुवा) | ५००० | |

| | | | |
|---|---|---|---|
| ९ | निर्माण सामाग्री (सरिया, सिमेन्ट) | १०,००० | |
| १० | कम्प्युटर, विद्युत समान, सोलारजन्य सामाग्री,क्यामरा,टेलिजिन, मोवाईल र मोवाईलजन्य सामाग्री, रेडियो, कार्पेट र यस्तै प्रकृतीका सामाग्री बिक्री | ३००० | |
| ११ | पेट्रोलियम पदार्थ | ५००० | |
| १२ | दैनिक उपभोगका खाद्य पदार्थ | ५०० | |
| १३ | सुतीजन्य कपडा थोक तथा खुद्रा व्यापार | २००० | |
| १४ | तयारी पोशाक | ४००० | |
| **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | | |
| १५ | चिकित्सक, कविराज, दन्त चिकित्सक,इन्जिनियर,लेखापरिक्षक, कानुन व्यसायी, अनुसन्धानकर्ता तथा परामर्शदाता, विमा एजेन्ट, सर्भेयर, पशु चिकित्सक | ३००० | |
| १६ | समान ढुवानीकर्ता तथा कम्पनी | ३००० | |
| १७ | न.पा.मा प्रधान कार्यालय भएको निर्माण व्यवसायी | ५००० | |
| १८ | स्टेशनरी एण्ड पुस्तक पसल | २५०० | |
| १९ | मोटर साईकल बिक्री (गाउँ) | ५००० | |
| २० | मोटर साईकल बिक्री (बजार) | ३००० | |
| २१ | ग्याँस सिलिण्डर बिक्री पसल | २५०० | |
| २२ | जुत्ता चप्पल बिक्री | २५०० | |
| २३ | उत्पादनमूलक उद्योग (चाम, पिठो,तेल) | ४००० | |
| २४ | काठ चिरान मिल | ८००० | |
| २५ | काठ फर्निचर | ६००० | |
| २६ | स्टिल फर्निचर, ग्रील उद्योग | १५,००० | |
| **खनिज उद्योग** | | | |
| २७ | निजी घट्ट (आफ्नै स्वामित्वमा रहेको ढंगाको घट्ट निर्माण गरि बिक्री गर्ने) | ५०० | |
| २८ | खरि खानी दर्ता | १,२५,०००/- | |
| २९ | खरि खानी नविकरण | २५,०००/- | |
| ३० | खरी निकासी | रु.२५।- प्रति टन | |
| ३१ | सिसा निकासी | रु.५।- प्रतिकिलो | |
| ३२ | पानी मुहान दर्ता | रु २००० | |
| **सेवा उद्योग** | | | |
| ३३ | परामर्श सेवा, फोटाग्राफी, प्रयोगशाला, हवाई सेवा , शीत भण्डार आदि | ३००० | |
| ३४ | छापाखाना | ५००० | |
| **संचार सेवा** | | | |
| ३५ | निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाईल फोन, इन्टरनेट, ईमेल र संचार सेवा | ५०० | |
| ३६ | निजी संचार कम्पनीका टावर | ५००० | |
| ३७ | एफ.एम.रेडियो प्रशारण सेवा | ७००० | |
| **वित्तीय सेवा** | | | |
| ३८ | बाणिज्य बैंक (नेपाल सरकारको स्वामित्व बाहेक) | २०,००० | |
| ३९ | बित्तीय कम्पनीको आर्थिक कारोवार गर्ने मुख्य कार्यालय | ५००० | |
| ४० | बित्तीय कम्पनी शाखा कार्यालयहरु | ५००० | |
| ४१ | विमा कम्पनी एजेन्सी | ५००० | |
| ४२ | सहकारी बैंक | १५०० | |
| ४३ | रेमिटेन्स सेवा/आई.एम.ई.सेवा | १००० | |
| **स्वास्थ्य सेवा** | | | |
| ४४ | गैर सरकारी अस्पताल, नर्सिङ होम | ५००० | |
| ४५ | क्लिनिक तथा ल्याब | १५०० | |
| **शिक्षा सेवा** | | | |
| ४६ | निजी क्षेत्रका स्कुल, क्याम्पस र विश्वविद्यालय | | |
| ४७ | प्राथमिक विद्यालय | ५००० | |
| ४८ | आधारभुत विद्यालय | ८००० | |
| ४९ | मा.वी. | १०,००० | |
| ५० | उच्च शिक्षा | १२,००० | |
| ५१ | निजी क्षेत्रबाट संचालित प्राविधिक शिक्षालय | २०,००० | |
| ५२ | ट्युशन सेन्टर, भाषा प्रशिक्षण, टाईपिङ र कम्प्युटर ईन्सिच्युट | १०,००० | |
| ५३ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था | ५००० | |
| **मर्मत सम्भार सेवा** | | | |

| | | | |
|---|---|---|---|
| ५४ | बस, ट्रक, जिप टयाक्टर, मोटर साईकल मर्मत | ५००० | |
| ५५ | रेडियो, टेलिभिजन, कम्प्युटर, घडी, फ्रिज आदि विधुतीय उपकरण मर्मत | २००० | |
| ५६ | मोबाइल मर्मत सेन्टर | ५००० | |
| | **अन्य सेवा** | | |
| ५७ | भाडाबर्तन पेन्टिङ्गको सामान र अन्य यस्तै प्रकृतीका हार्डवेयर | २००० | |
| ५८ | स्टिल तथा काठको फर्निचर विक्रेता | २००० | |
| ५९ | पेन्टिङ पसल | २००० | |
| ६० | मासु विक्रेता | २००० | |
| ६१ | व्युटी पार्लर (केस श्रंगार, फोटो स्टियोडियो ड्राई क्लिनर) | १५०० | |
| ६२ | साईनबोर्ड बनाउने पेन्टिङ सेवा | १००० | |
| ६३ | सिसा र पलाईउड बिक्रेता | १००० | |
| ६४ | खेलौना, उपहार गिफ्ट विक्रेता | १००० | |
| ६५ | फलफुल तरकारी पसल | १००० | |
| ६६ | ह्जाम सेवा सटरमा | १००० | |
| ६७ | हजाम सेवा खोकामा | ५०० | |
| ६८ | सिलाई सेन्टर | १५०० | |
| ६९ | सिरक डस्ना पसल | १५०० | |
| ७० | डेरी उद्योग | १००० | |
| ७१ | केवुल नेटवर्किङ | ५००० | |
| | **कृषी व्यवसाय** | | |
| ७२ | कुखुरा पालन, बंगुर पालन, बाख्रा पालन, माछा पालन र गाई पालन | १००० | |
| ७३ | एग्रोभेट पसल | २००० | |
| | **पर्यटन उद्योग** | | |
| ७४ | खाना खाने होटल | १००० | |
| ७५ | ह्तेटल एण्ड लज | १०००० | |
| ७६ | ह्तेटल एण्ड लज ग्रामिण | २००० | |
| ७७ | रेष्टुरा | २००० | |
| ७८ | मिठाई पसल | १००० | |
| ७९ | चियानास्ता | १००० | |
| ८० | खुद्रा पसल (किराना पसल) | १००० | |
| ८१ | चियानास्ता पसल (राजमार्ग बाहेकका ग्रामिण क्षेत्र) | ५०० | |

**पुनश्च :-** एउटै पसलमा दुईटा कारोबारमा एउटा कारोबारको पुरै र अर्को थप कारोवारको आधार बार्षिक व्यवसाय कर लाग्ने । यसै गरि एउटै पसलमा तीन वटा व्यवसाय संचालन भएकोमा दुईटाको बार्षिक व्यवसायकर लाग्ने । एउटै पसलमा चार वटा फरक फरक कारोवार भएकोमा दुईटाको पुरा र थप दुई कारोवारको एक कारोवारको आधा बराबर कर लाग्ने । साथ साथै पाच वटा कारोवार संचालन भएकोमा तीन वटा कारोवारको मात्र बार्षिक कर लाग्ने

**अनुसूची - ४**

**(दफा ६ संग सम्बन्धित)**

**नगरपालिकाले लगाउने जडीबुटी, कवाडी र जिवजन्तु कर**

| सि.नं. | करको दर | करको दर | कैफियत |
|---|---|---|---|
| १ | खोटो | ५० पैसा | प्रति गाडा ट्रक |
| २ | बनकस यस्तै प्रकृतीका | ५० रुपैया | प्रति गाडा ट्रक |
| ३ | बाँस | ५० पैसा | प्रति गोटा |
| ४ | एन | १० पैसा | प्रति किलो |
| ५ | रिठा | १ रुपैया | प्रति किलो |
| ६ | साल, सिसौ | २५० रुपैया | प्रति ट्रक |
| ७ | अन्य कोठ गोलिया | १५० रुपैया | प्रति ट्रक |
| ८ | अल्लो | २ रुपैया | प्रति किलो |
| ९ | तेजपात | १ रुपैया | प्रति किलो |
| १० | सल्लाको सिम्टा | २५ पैसा | प्रति किलो |
| ११ | मिनिरल वाटर प्रतिवोतल | २० पैसा | प्रति गोटा |
| १२ | खाली सिसि वियर | १५ पैसा | प्रति गोटा |

| | | | |
|---|---|---|---|
| १३ | खाली सिसि मदिरा तथा अन्य | २० पैसा | प्रति गोटा |
| १४ | प्लाष्टिक बोतल (भाडाकुडा, प्लाष्टिक बोतल, ग्यालेन, पुराना जुता, चप्पलर जर्किन) | १ रुपैया | प्रति किलो |
| १५ | स्लेट/ढंगा (विछ्याउने ढंगा | १ रुपैया | १- २ रुपैपा प्रति बर्ग फिट |
| १६ | तेलको टिन | १ रुपैया | प्रति गोटा |
| १७ | अखबार | ५० पैसा | प्रति के.जी. |
| १८ | अन्य कागज | १ रुपैया | प्रति के.जी. |
| १९ | धातुका टुक्रा फलाम | २ रुपैया | प्रति किलो |
| २० | अन्य धातु (पित्तल तामा) | ४ रुपैया | प्रति किलो |
| २१ | काम नलाग्ने मेशनरी औजार | २ रुपैया | प्रति किलो |
| २२ | कानुनले निषेधित गरेका बाहेकाका पंक्षिका प्वाखहरु | २ रुपैया | प्रति किलो |
| २३ | कानुनले निषेधित गरेका बाहेका मरेका वा मारिएका पशुका हाड, सिंह र खुर | १ रुपैया | प्रति किलो |
| २४ | छाला ठुलो | २५ रुपैया | प्रति गोटा |
| २५ | छाला सानो | १० रुपैया | प्रति गोटा |

**अनुसूची - ५**
**(दफा ७ संग सम्बन्धित)**
**नगरपालिकाले लगाउने बार्षिक सवारी साधन कर**

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | बस, लरि, ट्रक लगागत अन्य | २००० | |
| २ | भाडाका कार र जिपमा | ३०० | |
| ३ | मोटर साईकल तथा स्कुटर | २०० | |
| ४ | नगरपालिकाले आफैले बनाएका वा हस्तान्तरण भै आएको सडकमा पटके सवारी साधान कर बस,ट्रक,मिनी बस,जिप र टयाक्टर | ५० | प्रत्येक पटक बार्षिक सवारी दर्ता र कर तेरेका लाई पटके कर लगाईने छैन |

**अनुसूची - ६**
**(दफा ८ संग सम्बन्धित)**
**नगरपालिकाले लगाउने विज्ञापन कर**

| सि.नं. | विज्ञापनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक दृष्टीकोणले प्रचार गरि साईन वोर्ड राख्ने फिल्म पोष्टर टास्ने सबै लाई | रु.६०।०० | प्रति बर्ग फिट |
| २ | काठ टिन देवाल मा | रु.५० | प्रति बर्ग फिट नगरपालिकाको पूर्व स्विकृती लिनुपर्ने |

**अनुसूची - ७**
**(दफा ९ संग सम्बन्धित)**
**नगरपालिकाले लगाउने मनोरञ्जन कर**

| सि.नं. | मनोरञ्जनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पर्दामा भिडियो प्रदर्शन/रामलीला | रु.३०० | प्रतिदिन |
| २ | पटके थिएटर,नौटंकी | रु.३०० | प्रतिदिन |
| ३ | चटके देखाउने,औषधी बेच्ने | रु.१०० | प्रतिदिन |
| ४ | अन्य खेल,चर्खा,सडक नाटक आदि | रु.५० | प्रतिदिन |

## अनुसूची - ८
(दफा १० संग सम्बन्धित)
### नगरपालिकाले लगाउने बहाल विटौरी शुल्क

| सि.नं. | बहाल विटौरीको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्र भित्रको सार्वजनिक स्थल, सडक किनार | रु.५ प्रति बर्ग फिट मासिक | |
| २ | **शिवरात्री मेला** | रु.२० प्रति बर्ग फिट (प्रतिदिन) | |
| ३ | मिष्ठान्न | रु ३०० (प्रतिदिन) | |
| ४ | खुद्रा तथा खेलौना | रु १०० (प्रतिदिन) | |
| ५ | जुत्ता, चप्पल लगायत रेडिमेड | रु २०० (प्रतिदिन) | |
| ६ | होटल, रेष्टुरेन्ट, फलफूल | रु १०० (प्रतिदिन) | |
| ७ | बाँस, निगालाको सामग्री | ५०/- (प्रतिदिन) | |
| ८ | काठको सामग्री | ३००/-(प्रतिदिन) | |
| ९ | गलैचा लगायत उनी सामग्री | ५००/-(प्रतिदिन) | |
| १० | भाँडा बर्तन | २००/-(प्रतिदिन) | |

## अनुसूची - ९
(दफा ११ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने पार्किङ्ग शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| १ | बस,ट्रक– | १००/- | |
| २ | जिप,कार | ५०/- | |
| ३ | मोटरसाइकल | २५/- | |
| ४ | अन्य | ४०/- | |

## अनुसूची - १०
(दफा १२ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायरर र्‍याफ्टीङ्ग शुल्क

| सि.नं. | ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायरर र्‍याफ्टीङ्गको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची - ११
(दफा १३ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने सेवा शुल्क, दस्तुर

| सि.नं. | सेवाको प्रकार | शुल्क, दस्तुरको दर | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित | ५०० | |
| २ | जन्म/मृत्यु मिति प्रमाणित गर्ने गराउने | १०० | |
| ३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २५० | |
| ४ | चारित्रिक प्रमाणपत्र | १०० | |
| ५ | अङ्ग्रेजी माध्याममा सिफारिश तथा प्रमाणित गर्ने | ३०० | |
| ६ | घर पाताल प्रमाणित गर्ने | ५०० | |
| ७ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २५० | |
| ८ | जीवितसंगको नाता प्रमाणित गर्ने | १०० | |
| ९ | हकवाला वा हकदार प्रमाणित गर्ने | २५० | |
| १० | संरक्षण प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तीगत संरक्षक सिफारिस गर्ने | १०० | |
| ११ | कागज र मन्जुरिनामा प्रमाणित गर्ने | २५० | |
| १२ | जग्गा मूल्यांकन सिफारिश प्रमाणित गर्ने | ५०० | |
| १३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित गर्न | २५० | |
| १४ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित गर्ने | ५०० | |
| १५ | नागरिकता तथा नागरिकताको प्रतिलिपी लिनका लागि सिफारिस गर्ने | १०० | |
| १६ | बहाल करको लेखाजोखा सिफारिश गर्ने | २५० | |
| १७ | मोही लगत कट्टाको सिफारिश गर्ने | २५० | |

| | | | |
|---|---|---|---|
| १८ | घर जग्गा करको लेखाजोखा गरी सिफारिश गर्ने | १००० | |
| १९ | व्यापार व्यवसाय बन्द भएको, संचालन भएको वा हुदै नभएको सिफारिश | ५०० | |
| २० | व्यवसाय दर्ता | १००० | |
| २१ | आय प्रमाणित | १० पैसा सयकडा | |
| २२ | पेशा व्यवसाय प्रमाणित | २५० | |
| २३ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश गर्ने | १००० | |
| २४ | निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिश गर्ने | १०० | |
| २५ | पुर्जामा घर कायम गर्ने सिफारिश गर्ने | २५० | |
| २६ | फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश गर्ने | २५० | |
| २७ | नाम, थर वा जन्म मिति संशोधनको सिफारिश गर्ने | २५० | |
| २८ | जग्गा धनीपूर्जा हराएको सिफारिश गर्ने | ५०० | |
| २९ | कित्ताकाट गर्न सिफरिश गर्ने | ५०० | |
| ३० | नामसारी गर्न सिफारिश गर्ने | ५०० | |
| ३१ | जग्गाको हक सम्बन्धमा सिफारिश गर्ने | ५०० | |
| ३२ | मृतकसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश गर्ने | ५०० | |
| ३३(क) | उद्योग दर्ताको सिफारिश | ३००० | |
| (ख) | उद्योग ठाउँसारी गर्न सिफारिश गर्ने | ५०० | |
| (ग) | उद्योग नामसारी गर्न सिफारिश गर्ने | ५०० | |
| (घ) | उद्योग बन्द भएको सिफारिश | ५०० | |
| ३४ | जीवित रहेको सिफारिश गर्ने | २५० | |
| ३५ | विद्यालय खोल्न सिफारिश गर्ने | | |
| (क) | आधारभुत | २००० | |
| (ख) | मा.वि. | ३००० | |
| (ग) | उच्च शिक्षा | ५००० | |
| ३६ | विद्यालय खोल्न अनुमति | | |
| (क) | आधारभुत | ३००० | |
| (ख) | मा.वि. | ५००० | |
| (ग) | उच्च शिक्षा | १०,००० | |
| ३७ | विद्यालयको कक्षा थप गर्न सिफारिश गर्ने (निर्जी)/अनुमति | १५०० | |
| ३८ | विद्यालयको कक्षा थप गर्न सिफारिश गर्ने (सामुदायिक) | १००० | |
| ३९ | विद्यालयको ठाउँसरी गर्न सिफारिश गर्ने/अनुमति | १५०० | |
| ४० | पालन पोषणको लागि सिफारिश गर्ने | १०० | |
| ४१ | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिश गर्ने | ५००० | |
| ४२ | धारा तथा विद्युत जडानको लागि सिफारिश गर्ने | ३०० | |
| ४३ | कोठा खोल्न रोहबरमा बस्ने | ५०० | |
| ४४ | प्रचलित कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिश वा प्रमाणित गर्ने | २५० | |
| ४५ | नगरपालिकाको प्रमुखले तोकेको अन्य कार्य गर्ने | २५० | |
| ४६(क) | संस्था दर्ता गैर सरकारी संस्था सिफारिस | ५००० | |
| (ख) | संस्था दर्ता | १०,००० | |
| (ग) | संस्था नविकरण | ५०० | |
| ४७ | पानी मूल दर्ता | १००० | |
| ४८(क) | टेलिफोन जडान | २५० | |
| (ख) | टेलिफोन नामसारी सिफारिस | २५० | |
| ४९ | सम्पत्ती मुल्यांकन/जग्गा/घर मुल्यांकन | १५ पैसा सयकडा | |
| ५० | चार किल्ला प्रमाणित (घरबाटो प्रमाणित) | ५०० | |
| ५१ | तीन पुस्ते प्रमाणित | २५० | |
| ५२ | आन्तरिक बसाई सराई | २५० | |
| ५३ | नावालक सिफारिश | २५० | |
| ५४ | अपांगता परिचयपत्र सिफारिश | | निशुल्कका लागि निर्णय गराउने |
| ५५ | कर चुक्ता प्रमाण पत्र सम्बन्धि सिफारिश | ५०० | |
| ५६ | स्थायी/अस्थाई बसोबास प्रमाणित | २५० | |
| ५७ | दलित, आदिवासी जनजाती ..... आदि प्रमाणितका लागि सिफारिश | २५० | |
| ५८(क) | नक्सापास ढलानयुक्त घर राजमार्गसँग जोडिएको प्रति वर्गफिट | रु८ | |
| (ख) | नक्सापास ढलानयुक्त घर ग्रामीण सडकसँग जोडिएको प्रति वर्गफिट | रु७ | |
| ५९ | कच्ची घर प्रतिवर्ग फिट | ५रु | |
| ६०(क) | नक्सापास निवेदन | ५०० | |
| (ख) | नक्सा प्रतिलिपी | ५०० | |

| | | | |
|---|---|---|---|
| ६१ | सर्जमिन | ५०० | |
| ६२(क) | घर निर्माण सम्पन्न एकतले | ५०० | |
| (ख) | प्रति तला थप | ३०० | |
| ६३(क) | मदिराको नयाँ पसल खोल्ने सिफारिस | २५,००० | |
| (ख) | मदिरा थोक विक्रेता | १०,००० | |
| (ग) | मदिरा विर्को खोली फुटकर विक्री नवीकरण | ५,००० | |
| ६४(क) | बन्दुक नविकरण एक नाले | ५००/- | |
| (ख) | बन्दुक नविकरण दुई नाले | ७००/- | |
| ६५(क) | रोड पटके कर - टेलर मेसिन | २०० | |
| (ख) | बस ट्रक | ५० | |
| (ग) | जीप | २५ | |
| ६६ | घट्ट कर | ५०० | |
| ६७(क) | अटो रिक्सा दर्ता सिफारिस | ७००० | |
| (ख) | अटो रिक्सा नविकरण सिफारिस | २००० | |
| ६८ | काठको काममा भाडाकुडा निर्माण गर्ने (सान कोर्ने) | १०००/- | |
| ६९(क) | घ वर्गको नयाँ लाइसेन्स आवेदन | १००० | |
| (ख) | घ वर्गको नयाँ लाइसेन्स | ३०,०००/- | |
| (ग) | घ वर्गको लाइसेन्स नविकरण | २५००। | |
| (घ) | घ वर्गको लाइसेन्स प्रतिलिपी | १५००। | |
| ७०(क) | शिक्षक जिल्लाभित्र सरुवा सहमति र सिफारिस - आधारभूत तह | ३०००/- | |
| (ख) | शिक्षक जिल्लाभित्र सरुवा सहमति र सिफारिस - नि.मा.वि. | ४०००/- | |
| (ग) | शिक्षक जिल्लाभित्र सरुवा सहमति र सिफारिस - मा.वि. | ५०००/ | |
| ७१(क) | शिक्षकको जिल्ला वाहिर सरुवा सिफारिस- प्रा.वि. | ५०००/ | |
| (ख) | शिक्षकको जिल्ला वाहिर सरुवा सिफारिस- नि.मा.वि. | ७,०००/ | |
| (ग) | शिक्षकको जिल्ला वाहिर सरुवा सिफारिस- मा.वि. | १०,०००/- | |
| ७२ | करार/अस्थायी शिक्षक म्याद थप/सिफारिस | ५००/- | |
| ७३(क) | समुह दर्ता | २००/- | |
| (ख) | समुह नविकरण | १००/ | |
| ७४ | <u>योजना सम्झौता सिफारिस</u> | | |
| (क) | १ लाख सम्म | २००/- | |
| (ख) | १-५ लाख सम्म | ५००/- | |
| (ग) | ५ लाख देखि माथि | १०००/- | |
| (घ) | २० लाखभन्दा माथि | २०००। | |
| ७५ | रक्सी सेवन गरी होहल्ला गरेमा | ३०००/- | |
| ७६(क) | फोहर व्यवस्थापन कर प्रति घरधुरी एकतले | १००/- | |
| (ख) | फोहर व्यवस्थापन कर प्रति घरधुरी दुईतले | २००/- | |
| ७७ | गाईबस्तु छाडे बाफत जरिवाना छाडा पशु प्रति | २०००/- | |
| ७८ | कन्सल्टेन्सी परामर्श सेवा केन्द्र संचालान कर | ५०००/- | |
| ७९ | कोचिङ्ग क्लास संचालन कर | ५०००/- | |
| ८० | रमाइलो मेला/ मेला महोत्सव | २०,०००/ | |
| ८१ | पशु स्वास्थ्य परीक्षण (मासु प्रयोजनका लागि) प्रति जनावर | १००/- | |
| ८२ | घ्यु, मह निकासी प्रति किलो | रु. १ | |
| ८३ | संस्था दर्ता खारेजी | २००/- | |
| ८४ | करार शिक्षक नियुक्ति अभिलेख | १०००/- | |
| ८५ | सामुदायिक विद्यालय हो भनी सिफारिस गर्ने | ५००/- | |
| ८६ | मुर्ती ढलोट गरि फेरीमा काम गर्ने | २०००/- | |
| ८७ | फेरी कम्बल, गलैचा, कपडाको गाउँ बस्तीमा गई व्यापार गर्ने | ५०००/- | |
| ८८ | छात्रवृत्तिको लागि सिफारिस | २००/- | |
| ८९(क) | प्रदेश तथा केन्द्रमा योजना माँग सिफारिस ( पाँच लाख सम्म ) | १०००/- | |
| (ख) | प्रदेश तथा केन्द्रमा योजना माँग सिफारिस ( सो भन्दा माथि) | २०००/- | |
| ९० | प्रतिलिपि उतार | ५ पेज सम्म रु १०/-<br>१५ पेज सम्म रु ७/-<br>सो भन्दा माथि रु ५/- | |
| ९१ | गोकुलेश्वर बजार फोहर व्यवस्थापन कर प्रति पसल (वार्षिक) | ५००/- | |

अनुसूची - १२
(दफा १४ संग सम्बन्धित)
**नगरपालिकाले लगाउने पर्यटन शुल्क**

| सि.नं. | पर्यटकको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| १ | पर्यटक आगमन अवलोकन शुल्क प्रतिव्यक्ति | १०/- | |
| | | | |
| | | | |

- कुनै एकल महिलालाई एकल महिलाभनी प्रमाणित गर्नु पर्ने भएमा निशुल्क गरिने छ।
- सम्बन्ध विच्छेद ३५ दिन भित्र निःशुल्क र ३५ दिन पछि १०० जरिवाना

<u>नोट</u> :- यसमा छुटहुन गएको कर सम्बन्धमा नगरकार्यपालिकाको निर्णय अनुसार हुने छ।